(आ.व.२०७९/०८० भजनी नगर कार्यपालिकाको बैठक संख्या १७)

आज मिति २०८० साल जेठ २३ गते मंगलबारका दिन बिहान ११:३० बजे भजनी नगरपालिकाका नगर प्रमुख श्री केवल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर प्रमुख | |
| २ | श्री राजु तिरुवा | नगर उपप्रमुख | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | कार्यपालिका सदस्य | |
| ५ | श्री बिक्रम चौधरी | कार्यपालिका सदस्य | |
| ६ | श्री जन्ताराम चौधरी | कार्यपालिका सदस्य | |
| ७ | श्री केशव बहादुर बुढा | कार्यपालिका सदस्य | |
| ८ | श्री राम सागर चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | कार्यपालिका सदस्य | |
| १० | श्री पंकज चौधरी | कार्यपालिका सदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री मन देवी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री जैसरा कामी ओड | कार्यपालिका सदस्य | |
| १४ | श्री शान्ती कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री राजमती चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री गणेश कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | कार्यपालिका सदस्य | |
| १९ | श्री रामदेव राजी | कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | प्र.प्र.अ. / सचिव | |

अन्य उपस्थिति

अधिकृत छैठौ श्री चन्द्र देव भट्ट

कम्प्युटर अपरेटर श्री अशोक चौधरी

सहलेखापाल श्री रविन्द्र देवा

२०७३

निर्णय

केवल चौधरी
नगर प्रमुख

नोखिराम जोशी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु :-

प्रस्ताव नं. १ स्रोत अनुमान तथा सिमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. २ ८ नं. वडा कार्यालयको भवन माग सम्बन्धमा ।

प्रस्ताव नं. ३ ट्रान्सफर्मर वितरण सम्बन्धमा ।

प्रस्ताव नं. ४ कार्यविधिहरु सम्बन्धमा ।

प्रस्ताव नं. ५ भजनी प्राथमिक स्वास्थ्य केन्द्र जग्गा भोग चलन सम्बन्धमा ।

प्रस्ताव नं. ६ रोजगार सेवा केन्द्रका योजना थप र संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ७ भजनी प्राथमिक स्वास्थ्य केन्द्रमा आइ.पि.डि., इमर्जेन्सी, सेकेन्ड अनकल सर्भिस एण्ड मेटरनिटी चाइल्ड हेल्थ सर्भिस को अतरिक्त भत्ता भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ८ नेपाल नगरपालिका संघको सदस्यता शुल्क सम्बन्धमा ।

प्रस्ताव नं. ९ विद्यालय छनोट सम्बन्धमा ।

प्रस्ताव नं. १० झुलुङ्गे पुल सेवा प्रदायकको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ११ विज्ञापन अनुमति सम्बन्धमा ।

प्रस्ताव नं. १२ चेक ड्याम निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १३ अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. १४ कालिका आधारभूत विद्यालयको जग्गा संरक्षण सम्बन्धमा ।

प्रस्ताव नं. १५ स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं. १६ आर्थिक सहायता सम्बन्धमा ।

केवल चौधरी
नगर प्रमुख

केवल चौधरी
नगर प्रमुख

भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १ स्रोत अनुमान तथा सिमा निधार्ण समितिको प्रतिवेदन सम्बन्धमा ।

निर्णय न. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) भजनी नगरपालिका, भजनी कैलालीको आगामी आ.व. २०८०/०८१, २०८१/०८२ र २०८२/०७३ को प्रस्ताविक आय व्यय तथा नगर र वडाको बजेट निर्धारण सम्बन्धि स्रोत अनुमान तथा सिमा निधार्ण समितिको मिति २०८० जेष्ठ १७ गतेको प्रतिवेदनमा परिमार्जन सहित संशोधन गरी देहाय बमोजिम स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## अनुमानित आय

| | आय शिर्षक | आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|---|
| क.स. | आय | रकम रु | रकम रु | रकम रु |
| १ | नगरपालिका आन्तरिक आय | ७५२४७००० | ८२७७१७०० | ९१०४८८७० |
| २ | आन्तरिक आय घर जग्गा (रजिस्ट्रेशन) शुल्क | ५०००००० | ५५००००० | ६०५०००० |
| ३ | वित्तीय समानीकरण (संघिय सरकार) | १४०४००००० | १५४४४०००० | १६९८८४००० |
| ४ | राजस्व बाडफाड बाट प्राप्त (संघिय सरकार ) | १२५६८४००० | १३८२५२४०० | १५२०७७६४० |
| ५ | सशर्त अनुदान चालु (संघिय सरकार ) | २३२६००००० | २५५८६०००० | २८१४४६००० |
| ६ | सशर्त अनुदान पुजीगत (संघिय सरकार ) | १८०००००० | १९८००००० | २१७८०००० |
| ७ | बिशेष अनुदान पुजीगत (संघिय सरकार ) | ५०००००० | ५५००००० | ६०५०००० |
| ८ | समपुरक अनुदान पुजीगत ( सङ्घीय सरकार) | ५०००००० | ५५००००० | ६०५०००० |
| ९ | सशर्त अनुदान पुजीगत (प्रदेश सरकार) | ० | ० | ० |
| १० | वित्तीय समानीकरण (प्रदेश सरकार) | १२५३८००० | १३७९१८०० | १५१७०९८० |
| ११ | समपुरक अनुदान( प्रदेश सरकार) | १००००००० | ११०००००० | १२१००००० |
| १२ | बिशेष अनुदान( प्रदेश सरकार) | ५०००००० | ५५००००० | ६०५०००० |
| १३ | राजस्व बाडफाड बाट प्राप्त (प्रदेश सरकार) | ४२३६००० | ४६५९६०० | ५१२५५६० |
| १४ | न.पा अल्या रकम अनुमानित | ५०००००० | ५५००००० | ६०५०००० |
| | जम्मा रु | ६४३७०५००० | ७०८०७५५०० | ७७८८८३०५० |

केवल चौधरी

भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

लोकिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

केउली चौधरी
नगर प्रमुख

## अनुमानित व्यय

| क्र.स. | व्यय शिर्षक<br>व्यय | आ.व.२०८०/०८१<br>रकम रु | आ.व.२०८१/०८२<br>रकम रु | आ.व.२०८२/०८३<br>रकम रु |
|---|---|---|---|---|
| १ | चालु खर्च (केन्द्र र वडा तर्फ) | १८००००००० | १९८०००००० | २१७८००००० |
| २ | नगर स्तरीय योजना (पुँजीगत) | ३५०००००० | ३८५००००० | ४२३५०००० |
| ३ | वडा स्तरीय योजना (पुँजीगत) | ७००००००० | ७७०००००० | ८४७००००० |
| ४ | समपुरक कोष अन्य | १५०००००० | १६५००००० | १८१५०००० |
| ५ | समपुरक कोष पुँजी गत तर्फ | ० | ० | ० |
| ६ | शशर्त अनुदान पुजीगत (संघिय सरकार ) | १८०००००० | १९८००००० | २१७८०००० |
| ७ | शशर्त अनुदान चालु (संघिय सरकार ) | २३२६००००० | २५५८६०००० | २८१४४६००० |
| ८ | विशेष अनुदान (संघिय सरकार ) | ५०००००० | ५५००००० | ६०५०००० |
| ९ | समपुरक अनुदान( सङ्घीय सरकार) र नगरपालिकाको ५०% म्याचिंग सहित | १००००००० | ११०००००० | १२१००००० |
| १० | शशर्त अनुदान पुजीगत (प्रदेश सरकार) | ० | ० | ० |
| ११ | तालको पुरानो बक्यौता | ४१०८१००० | ० | ० |
| १२ | समपुरक अनुदान (प्रदेश सरकार) र नगरपालिकाको ५०% म्याचिंग सहित | १००००००० | ११०००००० | १२१००००० |
| १३ | विशेष अनुदान (प्रदेश सरकार ) | ५०००००० | ५५००००० | ६०५०००० |
| १४ | नगर गौरबको योजना | २००००००० | २२०००००० | २४२००००० |
| १५ | दिगो बिकास लक्ष्य कार्यन्वयन | २०२४००० | २२२६४०० | २४४९०४० |
| | जम्मा रु | ६४३७०५००० | ७०८०७५५०० | ७७८८८३०५० |

| | |
|---|---|
| २७५६००००० | सशर्त, समपुरक र बिशेष |
| ३२७०२४००० | बाडफाड गर्नु पर्ने रकम |
| ४१०८१००० | तालको पुरानो बक्यौता |
| ६४३७०५००० | **कुल जम्मा** |

केउली चौधरी
नगर प्रमुख

२०७३
नाबिराज जोशी
प्रमुख प्रशासकीय अधिकृत
केवल चौधरी
नगर प्रमुख

ख) भजनी नगरपालिका, भजनी कैलालीको आ.व. २०८०/०८१, २०८१/०८२ र २०८२/०७३ का लागि चालु खर्च,समपुरक कोष, दिगो बिकास आयोजना,नगर गौरवका अयोजनामा छुट्टाई बाँकि रहेको रकम रु १०,५०,००,०००।- मध्य केन्द्र तर्फ (नगर स्तरिय) योजनामा रु. ३,५०,००,०००।- र वडा नं. १ देखि वडा नं. ९ सम्म प्रत्येक वडालाई बराबर रकमं रु ७७,७७,७७७।७७ हुने गरि वडा स्तरिय योजनामा ७०००००००० रकम विनियोजन गरि तपसिल बमोजिम नगर तथा वडाको ब्रजेट क्षेत्रगत सिमा निधार्ण गरि संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

नगर स्तरिय योजनाको बिषयगत क्षेत्रहरुको बजेटको सिमा बिनियोजन

| सि.नं. | बिषयगत क्षेत्रहरु | भार प्रतिशत | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | पुर्बाधार विकास क्षेत्र | ४०.०० | १४०००००० | १५४००००० | १६९४०००० |
| २ | आर्थिक विकास क्षेत्र | १३.०० | ४५५०००० | ५००५००० | ५५०५५०० |
| ३ | सामाजिक विकास क्षेत्र | ३५.०० | १२२५०००० | १३४७५००० | १४८२२५०० |
| ४ | बाताबरण तथा विपद ब्यबस्थापन क्षेत्र | ७.०० | २४५०००० | २६९५००० | २९६४५०० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र | ५.०० | १७५०००० | १९२५००० | २११७५०० |
| | जम्मा | १०० | ३५०००००० | ३८५००००० | ४२३५०००० |

वडा नं. १ देखि ९ सम्म वडा स्तरिय योजनको विषयगत क्षेत्रहरुको बजेटको सिमा विनियोजन

| सि.नं. | बिषयगत क्षेत्रहरु | भार प्रतिशत | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
|---|---|---|---|---|---|
| १ | पुर्बाधार विकास क्षेत्र | ७०.०० | ५४४४४४४.४४ | ५९८८८८८.८८ | ६५८७७७७.७७ |
| २ | आर्थिक विकास क्षेत्र | १०.०० | ७७७७७७.७८ | ८५५५५५.५५ | ९४११११.११ |
| ३ | सामाजिक विकास क्षेत्र | १०.०० | ७७७७७७.७८ | ८५५५५५.५५ | ९४११११.११ |
| ४ | बाताबरण तथा विपद ब्यबस्थापन क्षेत्र | ५.०० | ३८८८८८.८९ | ४२७७७७.७८ | ४७०५५५.५६ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र | ५.०० | ३८८८८८.८९ | ४२७७७७.७८ | ४७०५५५.५६ |
| | जम्मा | १०० | ७७७७७७७.७७ | ८५५५५५५.५५ | ९४११११११.१० |

ग) बजेट तर्जुमा मार्गदर्शन तथा बजेट निर्माण कार्ययोजना तपसिल बमोजिम संशोधन गरि स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः-

<u>बजेट तर्जुमा मार्गदर्शन</u>

१. विषयगत शाखा र वडा कार्यालयले विषयगत समितिको क्षेत्र भित्र पर्ने विषयक्षेत्रहरुलाई समेट्ने गरि बजेट कार्यक्रम प्रस्ताव गर्नुपर्ने छ । यसरी प्रस्ताव गर्दा दिगो विकास लक्ष्यका सुचकहरुलाई समेत ध्यान दिनुपर्ने छ ।
२. विषयगत समितिले बजेट कार्यक्रम प्रस्ताव गर्दा सकेसम्म ठुला योजना बनाउन ध्यान दिनुपर्ने छ । वडा स्तरबाट प्रस्ताव हुने पुजीगत योजना प्रस्तुत गर्दा रु दुई लाख भन्दा साना आयोजना बनाउन पाउने छैन ।
३. विषयगत समिति र वडा कार्यालयले बजेट विनियोजन तथा विकास आयोजना छनौटको लागि विगतका अधुरा आयोजनाहरुलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । स्वीकृत आयोजना प्रतिवेदन तयार भएका भए सो मा रकम विनियोजन गरी कार्यान्वयन गर्दै जाने तर्फ ध्यान दिनुपर्ने । ततपश्चात बिकास आयोजना छनौटका प्राथमिकता निर्धारणका आधारका रुपमा स्थानिय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को अनुसुचि ८ को दफा ६ मा उल्लेखित विषयहरुलाई आधार मान्नु पर्नेछ ।

<u>बजेट निर्माण कार्ययोजना</u>

१. वस्ती स्तरबाट विकास आयोजना तथा कार्यक्रम संकलन – जेष्ठ ३० गते सम्म
२. वडागत आयोजना छनौट र प्राथमिकता निर्धारण – जेष्ठ ३२ गते सम्म
३. छनौट भएका आयोजनालाई वडाले विषयगत समितिमा पठाउने – असार १ र २ गते सम्म
४. विषयगत समितिले प्रस्तावित आयोजना तथा कार्यक्रममा छलफल गर्ने– असार २ र ३ गते सम्म
५. विषयगत समितिले नगरस्तरीय बजेट तर्जुमा समितिमा पठाउने – असार ४ गते
६. बजेट तर्जुमा समितिले कार्यपालिकामा पठाउने – असार ६ गते
७. सरोकारवालासँग राय परामर्श लिने - असार १ र २ गते
८. कार्यपालिका बैठकमा नीति तथा कार्यक्रम र बजेट माथि छलफल – असार ७ र ८ गते
९. नगर सभामा नीति तथा कार्यक्रम पेश - असार ७ गते
१०. बजेट नगर सभामा पेश हुने मिति – असार ९ गते

२०७३

तोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

केवल चौधरी
नगर प्रमुख

प्रस्ताव नं. २ वडा नं. ८ को कार्यालय भवन सम्बन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस भजनी नगरपालिकाको वडा नं. ८ को आफ्नो वडा कार्यालय भवन हाल सम्म नभएकोले सुदूर पश्चिम प्रदेश सरकारसँग समपुरक अनुदानका लागि पहिलो प्राथमिकतामा राखि माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ ट्रान्सफर्मर वितरण सम्बन्धमा ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस आर्थिक वर्ष खरिद गरिएका ट्रान्सफर्मर र सो सँग सम्बन्धित सामानहरु तपसिल बमोजिमका सहकारी संस्थाहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | सहकारिको नाम | ठेगाना |
|---|---|---|
| १ | जन्तोदय ग्रामिण विद्युत सहकारी संस्था लि. | भजनी नगरपालिका वडा नं. ८ खैरा |
| २ | जल्पा ग्रामिण विद्युत सहकारी संस्था लि. | भजनी नगरपालिका वडा नं. ३(हुलाकी राजमार्गमा पर्ने रा.मा.वि. धुसीको जग्गाको छेउमा) |

प्रस्ताव नं. ४ कार्यविधिहरु सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा विधेयक समितिबाट पेश हुन आएका तपसिल बमोजिमका कार्यविधि संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | कार्यविधि | संशोधन व्यहोरा |
|---|---|---|
| १ | सामुदायिक क्याम्पसलाई शिक्षण अनुदान कार्यविधि २०८० | परिच्छेद २ को दफा ११ मा क्याम्पस संचालक समितिले कुल रकमको बढीमा प्राध्यापक तथा कर्मचारीको पारिश्रमिकमा ६०%, पूर्वधारमा १०%, छात्रावृतिमा २०% र शैक्षिक व्यवस्थापनमा १० % खर्च गर्न सक्ने छ । |
| २ | भजनी नगरपालिकाको भलमन्सा प्रणालि परिचालन सम्बन्धि कार्यविधि २०८० | - |

चौधरी
प्रमुख

प्रस्ताव नं. ५ भजनी प्राथमिक स्वास्थ्य केन्द्र जग्गा भोग चलन सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका स्थित वडा नं. १ पि.सि.यो. टोलमा अवस्थित भजनी प्राथमिक स्वास्थ्य केन्द्र, भजनी कैलालीले विगत ४० वर्ष देखि अन्दाजि १-४-० क्षेत्रफल भएको तपशिल बमोजिमको चार किल्लाको जमिन भोग चलन गर्दै आइरहेको जमिनलाई भोगाअधिकारका लागि सम्बन्धित निकायहरुमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

चार किल्ला

पुर्व - ठकराम चौधरीको जमिन

पश्चिम -नेपाल दुर संचार केन्द्र

उत्तर -नाला/ कुलो

दक्षिण - भजनी बजार जोड्ने पिच सडक

**प्रस्ताव नं. ६ रोजगार सेवा केन्द्रका योजना थप र संशोधन सम्बन्धमा ।**

निर्णय नं. ६ प्रस्तावन नं. ६ माथि छलफल गर्दा रोजगार सेवा केन्द्र तर्फ थप र संशोधनका लागि स्थानीय निर्देशक समितिको बैठकबाट सिफारिस भएका तपसिल बमोजिमका योजनाहरु स्वीकृत तथा संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं १ |
|---|---|
| १ | टेकुहिया कुलो मर्मत |
| २ | दुवनारायणको घरदेखि अर्जुनको घरसम्म नाली बनाउने |
| ३ | भजनी कुलो मर्मत |
| ४ | भजनी प्राथामिक स्वास्थ्य केन्द्रभित्रको झाडि सरसफाई |
| ५ | रेन्जरपोष्टको पर्खाल देखि नगरपालिका सम्म नयाँ सडक निकाल्ने |
| **क्र.सं.** | वडा न २ |
| १ | डम्मर खड्काको घरदेखि रजवारा चौराहा हुदै सितारामको घर हुदै फेरी चौराहादेखि सौना चौधरीको घर हुदै बाबुरामको घर देखि हिक्मत वि.क को घर र सन्तरामको घर सम्म बाटो नाली सरसफाई । |
| २ | वडा न २ नहर र खेतको झरन सफाई |
| **क्र.सं.** | वडा नं ५ |
| १ | चौतारा साको.वि.झरन र महेन्द्र मा व को दक्षिण पट्टि. खेती योग्य जमिन देखि खोजरामको खेत हुँदै कुलो सम्मको झरन सफाई तथा मर्मत |

केवल चौधरी
नगर प्रमुख

केवल चौधरी
नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नाखिराम जोशी
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | वडा नं ९ |
|---|---|
| १ | कान्द्र नदि देखि उत्तर चौकीदारको खेत सम्म दुन्दरा झरण सरसफाई योजना |

| वडा नं ८ | |
|---|---|
| पहिलेको आयोजना नाम | संशोधन भई कायम हुने आयोजनाको नाम |
| हुलाकी सडक देखि दक्षिण मुक्त कमैया जग्गा सम्म सडक निर्माण | हुलाकी सडक देखि दक्षिण मुक्त कमैया जग्गा सम्म सोनाफाँटा, काढा ढिक जानेबाटो पाण्डेटोल हुदै डल्फिन संरक्षण क्षेत्र सम्मको सडक निर्माण |

**प्रस्ताव नं. ७ भजनी प्राथमिक स्वास्थ्य केन्द्रमा आइ.पि.डि., इमर्जेन्सी, सेकेन्ड अनकल सर्भिस एण्ड मेटरनिटी चाइल्ड हेल्थ सर्भिस को अतरिक्त भत्ता भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा भजनी नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीले आइ.पि.डि., इमर्जेन्सी, सेकेन्ड अनकल सर्भिस एण्ड मेटरनिटी चाइल्ड हेल्थ सर्भिस सेवा गरे बाफतको रकम भुक्तानी दिने शिर्शकमा चैत देखि असार सम्म भुक्तानी दिन रकम अपुग भएकोले सो अपुग रकम बाफत दिने अतरिक्त भत्ता रकम भैपरी आउने खर्च शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ नेपाल नगरपालिका संघको सदस्यता शुल्क सम्बन्धमा ।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा सबै नगरपालिकाहरुको छाता संगठकको रुपमा रहेको नेपाल नगरपालिका संघको आ.व. २०७४/०७५ देखि हाल सम्मको बुझाउन बाँकी सदस्यता शुल्क रु १,६५,०००।- भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ विद्यालय छनोट सम्बन्धमा ।**

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा विद्यालयमा शैक्षिक गुणस्तर, सुद्धृकर्ण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहान अनुदान अन्तर्गत विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन र विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान वितरणका लागि तपसिल बमोजिमका विद्यालय छनोट गर्ने निर्णय गरियो ।

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित

मोतिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

केवल चौधरी
नगर प्रमुख

तपसिलः

| सि.नं. | विद्यालयको नाम | कार्यक्रमको नाम |
|---|---|---|
| १ | श्री सरस्वाती मा.वि. भजनी ६ नवलपुर, कैलाली | विद्यालयमा विज्ञापन प्रयोगशाला अनुदान |
| २ | श्री दुर्गा मा.वि. भजनी ३ कुसुमघाट, कैलाली | विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान |

**प्रस्ताव नं. १० झुलुङ्गे पुल सम्बन्धमा ।**

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा सुदूरपश्चिम सामुदायिक विकास मञ्चको च.नं. ४१, मिंति २०८०/०२/२१ गतेको पत्रबाट झुलुङ्गे पुल निर्माणका लागि कार्यप्रत्यायोजना सम्झौता नविकारण र कार्यदिश पाऊँ भनी निवेदन पेश भई आएकोले उक्त संस्थाले यस अघि यस नगरपालिकाकमा दुई वटा झुलुङ्गे पुल सम्बन्धि कार्य गरिसकेकोले यस आ.व. को कार्यक्रम मा रहेको खैलाड- आम्बारी झुलुङ्गे पुल निर्माण योजनाको लागि कार्य प्रत्यायोजन सम्झौता नविकरण गर्ने निर्णय गरियो र उक्त पुल निर्माणका लागि सामाजिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनका लागि कार्यदिश दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ विज्ञापन अनुमति सम्बन्धमा ।**

निर्णय नं. ११ प्रस्ताव नं.११ माथि छलफल गर्दा श्री केदारेश्वर आ.वि. चकुलियामा नि.मा.वि. शिक्षण सिकाई सहयोग अनुदानमा पहिलो तथा दोस्रो विज्ञापनबाट नि.मा.वि. विज्ञान विषयको शिक्षक छनोट हुन नसकेकोले सो वि.व्य.स.को माग अनुसार नि.मा.वि. अंग्रेजी विषयको विज्ञापन गर्न विद्यालयलाई पुन अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ चेक ड्याम  निर्माण सम्बन्धमा ।**

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा भजनी नगरपालिका वडा नं. ८ बहादुरपुर र दैलेख टोलको उत्तर तिर र भरथान टोलको दक्षिण तिरको दुबै टोलको बिचमा करिव ४०० मिटर जति माटोको ड्याम निर्माण गर्न अति आवश्यक परेको भनी मीन बहादुर थापा लगायत ४७ जनाले निवेदन गरेको हुँदा नगरपालिकाको ब्याक हो लोडरद्वारा कच्ची माटोको ड्याम बनाउन लगाउने निर्णय गरियो ।

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

केवल चौधरी
नगर प्रमुख

निर्णय प्रमाणित

नारायण ओली
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १३ अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा भजनी नगरपालिका अनुगमन तथा सुपरिवेक्षण समितिको २०८० बैशाख मसान्त सम्मको प्रतिवेदनको बारेमा जानकारी प्राप्त भयो ।

**प्रस्ताव नं. १४ कालिका आधारभूत विद्यालयको जग्गा संरक्षण सम्बन्धमा ।**

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा श्री जिल्ला प्रशासन कार्यालय, धनगढी कैलालीको च.नं. ३६४३, मिति २०८०/०१/१० गतेको पत्रानुसार यस भजनी नगरपालिकाको वडा नं. ४ स्थित कालिका आधारभूत विद्यालयको पूर्ववत स्थान र हाल सरेको नयाँ स्थानको सार्वजनिक जग्गाको कानून बमोजिम आवश्यक संरक्षण गर्न,गराउन ४ नं. वडा समितिलाई अनुरोध गर्ने  निर्णय गरियो ।

**प्रस्ताव नं. १५  स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन सम्बन्धमा ।**

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा स्थानीय तह स्वास्थ्य विमा समिति गठन/संचालन नमुना कार्यविधि २०७८ को परिच्छेद २ (छ) १ बमोजिमको संयोजन समिति गठन गर्ने निर्मण गरियो ।

**प्रस्ताव नं. १६ आर्थिक सहायता सम्बन्धमा ।**

निर्णय नं. १६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा आर्थिक सहायताका निवेदन पेश गरेका देहाय बमोजिमका संघ/संस्थालाई आर्थिक सहायता शिर्षकबाट देहाय बमोजिम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | संघ/संस्थाको नाम | रकम |
|---|---|---|
| १ | नेपाल मगर संघ, भजनी नगर समिति, कैलाली | २५,०००।- |
| २ | जात व्यवस्था उन्मुलन मोर्चा, नेपाल केन्द्रीय समिति काठमाडौं नेपाल | १५,०००।- |

केवल चौधरी
नगर प्रमुख